नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# भरतपुर अस्पताल, चितवन
## प्राविधिक प्रस्ताव आब्हान सम्बन्धि सूचना
## (प्रथम पटक प्रकाशित मिति २०७७।०४।०८)

यस भरतपुर अस्पताललाई चालु आ.व. ०७७।०७८ मा, अस्पतालमा आउने सम्पुर्ण विरामीहरु तथा लक्षित विरामीहरुलाई स्वास्थ्य सेवामा समतामुलक पहुँच एवं उपयोग वृद्धि गर्न, निशुल्क तथा आंशिक छुटमा विशेषज्ञ सेवाहरु उपलब्ध गराउन, सामाजिक सुरक्षा कार्यक्रमहरुको संयोजन एवं सहजिकरण गर्न र व्यवस्थित, पारदर्शि र प्रभावकारीरुपले लक्षित समुहले स्वास्थ्य सेवा लिन सक्ने वातावरण तयार गर्ने जस्ता कार्यहरु सामाजिक सेवा एकाई मार्फत गर्नु पर्ने भएको तथा सो कार्यहरु गर्न एवं सामाजिक सेवा एकाइले गर्ने सहजीकरण, सेवा प्रर्वदन र अभिलेखन कार्यमा सहयोग पुऱ्याउन एक सहजिकरण संस्था आवश्यक परेको हुदाँ सम्वन्धित निकायमा दर्ता भएका मान्यता प्राप्त संघ, संस्था, गैरसरकारी निकायहरु वाट तपशिल वमोजिमका शर्तहरुमा रहने गरी यस अस्पतालको Website- www.bharatpurhospital.gov.np को eProcurement System मार्फत प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. संस्था दर्ताको सम्पुर्ण कागजातहरु, आ.व. २०७६/०७७ का लागि नविकरण भएको इजाजत दर्ता पत्र, स्थायी लेखा नं. प्रमाण पत्र, आ.व.०७५।०७६ करचुक्ता को प्रमाणपत्र र विगत ३ वर्ष देखिको वार्षिक लेखापरिक्षण प्रतिवेदन पेश गर्नु पर्ने छ ।

२. प्रस्तावदातााले आफ्नो प्रस्ताव सम्वन्धि सम्पुर्ण कागजातहरु प्रस्ताव आब्हान भएको मिति वाट १५ औ दिनको १२ वजे भित्र यस अस्पतालको Website- www.bharatpurhospital.gov.np को eProcurement System मार्फत अनिवार्य रुपमा पेश गर्नु पर्ने छ

३. प्रस्तावदाता कम्तिमा ३ (तिन) वर्ष देखि स्वास्थ्य तथा सामाजिक क्षेत्रमा क्रियाशिल भई कार्य गरेको हुनुपर्नेछ । सो सम्वन्धि कागजात पेश गर्नु पर्नेछ ।

४. प्रस्तावदाता स्थानिय स्तरमा (चितवन जिल्ला) क्रियाशिल भई काम गरेको हुनु पर्नेछ र सो कामहरुको प्रगती विवरण पेश गर्नु पर्नेछ ।

५. प्रस्तावदाताले स्वास्थ्य तथा सामाजिक क्षेत्रमा पुऱ्याएको गतिविधि सहितको विस्तृत विवरण (Profile) पेश गर्नु पर्नेछ ।

६. प्रस्तावदाताले सामाजिक सेवा तथा अन्य सहजिकरणका लागि ७-१० जना सम्म दक्ष स्वास्थ्य प्राविधिक( CMA/ANM/HA/Pharmacy) उपलब्ध गराउनु पर्नेछ ।

७. यस अस्पतालको Website- www.bharatpurhospital.gov.np को eProcurement System मार्फत प्राप्त हुन आएका १५ औ दिनको १ वजे अस्पतालको प्रशासकिय भवनमा प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । प्रतिनिधि उपस्थित नभएपनि प्रस्तावहरु खोल्न वाधा पर्ने छैन । प्रस्ताव पेश गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट क्रमश उक्त कार्य हुनेछ ।

८. कुनै प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षीत रहनेछ

Medical Superintendent

९. संझौता गरी कार्य नगर्ने प्रस्तावदातालाई सम्वन्धित निकायमा कारवाहिको लागि लेखि पठाइनेछ ।

१०. प्रस्तावदाता प्रचलित कानुन अनुसार अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नवाझिएको वा व्यवसाय सम्वन्धि कसुरमा आफुले सजाय नपाएको भनि स्वयं घोषणा पेश गर्नुपर्नेछ । त्यस्तो स्वयम घोषणा सूचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ ।

११. यसमा नपरेका अन्य कुराहरु सामाजिक सेवा एकाई कार्यक्रम संचालन निर्देशिका अनुसार हुनेछ ।

१२. थप जानकारीको लागि यस अस्पतालको सामाजिक सेवा एकाई प्रमुखलाई सर्म्पक राख्न सकिनेछ ।

Medical Superintendent